# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बान्नीगढी जयगढ गाउँपालिका

अछाम





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बान्नीगढी जयगढ गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बान्नीगढी जयगढ गाउँपालिका

अछाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४९३, मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
बान्नीगढी जयगढ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयारगरेको छैन।
२.लेखापरीक्षणबाट रू. १ करोड ४२ लाख ४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू ५४ लाख फस्यौंट भई बाँकी बेरूजू असुल गर्नुपर्ने रू. ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख , नियमित गर्नुपर्ने रु ६९ लाख ५७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ३ करोड १३ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड ४७ लाख २१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बान्नीगढी जयगढ गाउपालिका अछाम

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | |
| २९ | ५ | १४२०४ | ० | ० | ५४०० | २९ | ४ | ८८०४ | ४७ | ६९५७ | १८०० | ० | ० | ८८०४ | ० |

**१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण** **रू हजारमा**

| **क.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १ | १६ | २वटा बिद्यालय भवन निर्माण प्रमाण पेश | ५४०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बान्नीगढी जयगढगाउपालिका अछाम | ३१३३१ | ० | ५४१४ | २५९१७ | ० | ८८०४ | ३४७२१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बान्नीगढी जयगढ गाउँपालिका, अछाम , बन्नीगढी जयगढ गाउँपालिका , अछाम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | झनक रेग्मी | २०७८-११-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारद प्रसाद खनाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८८०३,८०० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,८२,९३,२०८.८५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,५१,२२,००० | **चालु खर्च** | ३३,६३,६०,३५६.७६ |
| **प्रदेश सरकारबाट अनुदान** | ८०,७४,००० | **पूँजीगत खर्च** | ११,२२,४५,७०२.५ |
| **राजश्व बाँडफाँट** | १२,८६,६९,६७८ | **वितीय/अन्य व्यवस्था** | २,१०,३७,२६८.१७ |
| **आन्तरिक आय** | ६,१३,८९,३६४.९६ | | |
| **अन्य आय** | ३८,५३,३३३.८२ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ४६,७१,०८,३७६.७८ | **कुल खर्च** | ४६,९६,४३,३२७.४३ |
| **बाँकी मौज्दात** | | ३,५७,५८,२५८.२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३3 सभा सदस्य, ५८.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा २१६२९ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।<br><br>वित्तीय प्रतिवेदन | |

| आ.व. ः २०७८/७९ अवधि : २०७८/०४/०१ - २०७९/०३/३२ | | | |
|---|---|---|---|
| प्रासी भुक्तानी हिसाव | | | |
| विवरण | टिप्प | यसवर्ष रु. | गतवर्षरु. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | णी | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ३४,२९,६८,००० | ३४,०५,५०,३६८.८२ | | ३४,०५,५०,३६८.८२ | ३०,२१,४१,६६३.२८ | | ३०,२१,४१,६६३.२८ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३३,९१,०७,००० | ३३,६८,००,१३५.८२ | ० | ३३,६८,००,१३५.८२ | २९,९३,३०,६२०.२८ | ० | २९,९३,३०,६२०.२८ |
| ११००० कर | ११ | ६,२६,४३,००० | ६,१५,९३,२१२.८२ | ० | ६,१५,९३,२१२.८२ | ५,२२,५८,२९५.३५ | ० | ५,२२,५८,२९५.३५ |
| १३००० अनुदान | | २७,३९,९६,००० | २७,३१,९६,००० | ० | २७,३१,९६,००० | २४,७०,७२,३२४.९३ | ० | २४,७०,७२,३२४.९३ |
| संघीय सरकार | १२ | २६,५९,२२,००० | २६,५१,२२,००० | ० | २६,५१,२२,००० | २३,१०,८७,४८६.९६ | ० | २३,१०,८७,४८६.९६ |
| प्रदेश सरकार | १२ | ८०,७४,००० | ८०,७४,००० | ० | ८०,७४,००० | १,५९,८४,८३७.९७ | ० | १,५९,८४,८३७.९७ |
| १४००० अन्य राजस्व | | २३,८०,००० | १९,०१,४७१ | ० | १९,०१,४७१ | ० | ० | ० |
| १५००० | | ८८,००० | १,०९,४५२ | ० | १,०९,४५२ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विविध प्राप्ति | | | | | | | | |
| ख. अन्य प्राप्ति | | ३८,६१,००० | ३७,५०,२३३ | | ३७,५०,२३३ | २८,११,०४३ | | २८,११,०४३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३८,६१,००० | १६,८९,००० | ० | १६,८९,००० | १७,८४,९०० | ० | १७,८४,९०० |
| धरौटी | | ० | २०,६१,२३३ | ० | २०,६१,२३३ | १०,२६,१४३ | ० | १०,२६,१४३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३७,७६,७५,९१५.१४ | ३२,१४,३४,७८२.९४ | | ३२,१४,३४,७८२.९४ | २९,६९,९१,६८८.१३ | | २९,६९,९१,६८८.१३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३७,३८,१४,९१५.१४ | ३२,०१,३०,९८९.९६ | | ३२,०१,३०,९८९.९६ | २९,५३,०१,७३१.७४ | | २९,५३,०१,७३१.७४ |
| २१००० | १८ | १३,९२,७७,७ | १३,३०,८२,४ | ० | १३,३०,८२,४ | ११,२१,५४,१ | ० | ११,२१,५४,१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पारिश्रमिक / सुविधा | | ९० | ७५.७० | | ७५.७० | १४.५३ | | १४.५३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,५२,१०,१२० | ६,३३,८९,४५३.८० | ० | ६,३३,८९,४५३.८० | ७,४५,०५,७८०.५३ | ० | ७,४५,०५,७८०.५३ |
| २५००० सहायता (क्गदकष्मथ० | १८ | ४,१२,७४,००० | ३,७५,४३,७४३ | ० | ३,७५,४३,७४३ | २,६२,१५,९८२.६० | ० | २,६२,१५,९८२.६० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,७३,८६,००० | १,०७,८०,५९० | ० | १,०७,८०,५९० | ५९,००,७३४.५० | ० | ५९,००,७३४.५० |
| २८००० अन्य खर्च | १८ | ४८,८६,००५.१४ | ३६,३६,७८०.९६ | ० | ३६,३६,७८०.९६ | ३५,१२,१२० | ० | ३५,१२,१२० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ९,५७,८१,००० | ७,१६,९७,९४६.५० | ० | ७,१६,९७,९४६.५० | ७,३०,१२,९९९.५८ | ० | ७,३०,१२,९९९.५८ |
| घ. अन्य भूक्तानी | | ३८,६१,००० | १३,०३,७९२.९८ | | १३,०३,७९२.९८ | २९,६९,९१,६८८.१३ | | २९,६९,९१,६८८.१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | ३८,६१,००० | ८,१५,३५५ | ० | ८,१५,३५५ | १२,५८,६०९.१७ | ० | १२,५८,६०९.१७ |
| धरौटी | | ० | ५,३३,३४४.६८ | ० | ५,३३,३४४.६८ | ४,३१,३४७.२२ | ० | ४,३१,३४७.२२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | .४४,९०६.७० | | .४४,९०६.७० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ९३,४७,०७,९१५.१४) | १,९१,१५,५८५.८८ | | १,९१,१५,५८५.८८ | ५१,४९,९७५.१५ | | ५१,४९,९७५.१५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,४६,२७,८२०.५३ | | ३,४६,२७,८२०.५३ | ३,२८,१७,३८९.२४ | | ३,२८,१७,३८९.२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९३,४७,०७,९१५.१४) | ५,३७,४३,४०६.४१ | | ५,३७,४३,४०६.४१ | ३,७९,६७,३६४.३९ | | ३,७९,६७,३६४.३९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,३७,४३,४०६.४१ | | ५,३७,४३,४०६.४१ | ३,८६,९७,४९५.९६ | | ३,८६,९७,४९५.९६ |
| | | | | | | | | |
| लेखा प्रमुख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | | |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

| सि.नं. | विवरण | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | ८८९५५७६०. | ८८१३५३३६.३१ | ८८१३५३३६.३१ |
| २ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५९८४००००. | ४०५२२२२०. | ४०५२२२२०. |
| | जम्मा | १४८७९५७६०.०० | १२८६५७५५६.३१ | १२८६५७५५६.३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाखभन्दा कमको योजना</td><td>२८</td><td>१५७१८००</td></tr>
<tr><td>२</td><td>रु.१ लाख १देखि ५ लाख सम्मको योजना</td><td>९८</td><td>२२७४५०००</td></tr>
<tr><td>३</td><td>रु.५ लाख १देखि १० लाख सम्मको योजना</td><td>५</td><td>३८०००००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख १ देखि ५० लाख सम्मको योजना</td><td>१६</td><td>२७९८३०००</td></tr>
<tr><td>५</td><td>रु.५० लाखभन्दा माथिका योजनाहरु</td><td>०</td><td>०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४७</td><td>५६०९९८००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि रु.५० लाख सम्मका जम्मा १४७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असरपर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा<br>
नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६७४७३००। सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ..६ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २०</th><th>जम्मा ३४ जना</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जना | |
| १ | बैठक भत्ता | २२००० | २१००० | २५१००० | २०२००० | ६३२००० | ११२८००० |
| २ | यातायात खर्च | ०० | १००८०० | ०० | ३५२०० | ११८४०० | २५४४०० |
| ३ | टेलिफोन,मोबाइल | ६७२०० | ५६००० | २२८२०० | २११२०० | ४७५२०० | १०३७८०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५६००० | ५०४०० | २८४८०० | २११२०० | ४७५२०० | १०७७६०० |
| ५ | समन्वय तथा सहजीकरण | १००८०० | ६४४०० | ४२७२०० | २९२००० | ७१२८०० | १५९७२०० |
| ६ | अतिथि सत्कार | ११२००० | १००८०० | ४९८४०० | ०० | ०० | ७११२०० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ३९२०० | ३३६०० | १४२४०० | १४०८०० | २३७६०० | ५९३६०० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ९६००० | ५४००० | १४०००० | ३३७५०० |
| | जम्मा | ४२२२०० | ४४९५०० | १९२८००० | ११५६४०० | २७९१२०० | ६७४७३०० |

८

**खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २५१५३१०। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८

**खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ६१३८९३६४। राजस्व बाँडफाँड र अनुदानबाट रु ४०१८६५६७८। अन्य आय रु

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४२१४६५४३। समेत रु ५०५४०१५८५। आम्दानी भएकोमा चालुतर्फ रु ३३६३६०३५६। र पुँजीगततर्फ रु ११२२४५७०२। वित्तीय ब्यबस्थातर्फ रु २१०३७२६८। समेत रु ४६९६४३३२७। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १३.०७%- प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६७४७३००। खर्च भएको छ जुन आन्तरिक आयको ११% प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ७१.६२% प्रतिशतमात्र पुँजीगत निर्माणमा २३.९०%खर्च भएको देखिन्छ । | |
| ९ | | | **सम्पत्ति हस्तानतरण र अभिलेख**<br><br>सम्पत्ति हस्तान्तरण र अभिलेख सम्बन्धमा निम्नानुसार गरेको पाइएन ।<br><br>• साविक गाउँपालिका / नगर पालिकाका सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक छैन ।<br>• साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक छैन ।<br>• साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक छैन । | |
| १० | | | **आन्तरिक नियन्त्रण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाइयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br><br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकांशतः पालना भएको पाइएन ।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २० जनाको दरबन्दी रहेकोमा ११ दरबन्दी रिक्त रहेको पाइयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br><br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **बेरुजू लगत** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | बेरुजु लगतः म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले बेरुजु लगत तथा सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक रहेको पाइएन । | |
| ११.२ | | | सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा गरेको पाइएन ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br>• सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भए नभएको | |
| १२ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ५ वटा नियमावली, २२ कार्यविधि, निर्देशिका ३ समेत ४६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३ | | | **न्याय सम्पादन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपप्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कुनै पनि विवार दर्ता नभएको र गत वर्ष समेत बाँकी नभएको प्राप्त भएको छ । | |
| १४ | | | **महोत्सव तथा अन्य खर्च**<br><br>महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था नगरेको भएपनि महोत्सव तथा अन्य खर्च पालिकाले यस वर्ष कुल रकम रु. ४०००००। छुट्याएकोमा उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ४०००००। नै खर्च गरेको पाइयो । | |
| १५ | | | **गत बर्षको भुक्तानी**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१०,२०,०००। भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा २०७८।७९ को बजेटबाट गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरी बोके नाँउला पचाङ्ग ग्रामिण सडक स्तरोन्नति कामको लागि भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>विद्यालयको कार्य सम्पन्न प्रतिवेदन<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ । २२ को निर्णयबाट रु. ७२,००,०००।- सम्परीक्षण गरिएको ।)<br><br><table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१६.१</td><td>मिति २०७९-१२-२० मा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको को 7200000.00 सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको</td><td>७२,००,०००</td></tr>
</table></td><td>०</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अबण्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले आन्तरिक श्रोतबाट यो बर्ष रु.३ करोड १२ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न निर्णयबाट पुँजीगततर्फ खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति<br><br>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>।
<table>
<tr><td>क्षेत्र/उपक्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२७४५६०००.</td><td>२०५६६६७०.३१</td><td>६.४३</td></tr>
<tr><td>सामाजिक विकास</td><td>१७७८३७०००.</td><td>१५५०८०९५९.६९</td><td>४८.४४</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>५८७८००००.</td><td>४६०६५९४२.५</td><td>१४.३९</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३५६८०००.</td><td>३२३०९६०.५</td><td>१.००</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१०६१७३९१५.१४</td><td>९५१८६४५६.९६</td><td>२९.७४</td></tr>
<tr><td>कुल जम्मा</td><td>३७३८१४९१५.१४</td><td>३२०१३०९८९.९६</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४८.४४ प्रतिशत, पूर्वाधार विकासमा १४.३९, कार्यालय संचालन तथा प्रशासनिकमा २९.७४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा १ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ६.४३ प्रतिशत मात्र खर्च रहेको देखियो । अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>रकमान्तर<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिशमा गाउँसभाले ७२ कार्यक्रममा रकमान्तर गरी विभिन्न ९९ कार्यक्रममा रु. २ करोड ९४ लाख ८० हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको पाइयो । | |
| २० | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री लोकबहादुर साउदले मिति २०७८।३।१० गते रु.३४ करोड २२ लाख ९३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **चौमासिक र बार्षिक प्रगति**<br><br>कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको पाइएन । | |
| २३ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएकाप्रमुख प्रशासकीय अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । स्थायी दरबन्दी पदपूर्ति नगरेकोले कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| २४ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ६२ जना कर्मचारीहरु करारमा राखी रु.१,६७,९८,४५५। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ९ पदमा ६२ जना करार नियुक्ति गरी बर्षभरिमा रु.१,६७,९८,४५५। भुक्तानी गरेको पाइयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.स.</td><td>कर्मचारीको विवरण</td><td>तलव</td><td>पोशाक भत्ता</td><td>स्थानीय भत्ता</td><td>जम्मा</td><td>स्रोत</td><td>कर्मचारी सख्या</td></tr>
<tr><td>१</td><td>कार्यालय करार</td><td>९५८००००</td><td>४२००००</td><td>०</td><td>१०००००००</td><td>गा.पा.आन्तरिक श्रोत</td><td>४२</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य करार</td><td>१८५९६५०</td><td>५००००</td><td>०</td><td>१९०९६५०</td><td>संघीय सशर्त</td><td>५</td></tr>
<tr><td>३</td><td>मातृ तथा नवजात शिशु करार</td><td>१११५७९०</td><td>३००००</td><td>०</td><td>११४५७९०</td><td>संघीय सशर्त</td><td>३</td></tr>
<tr><td>४</td><td>एक गाउँ एक प्राविधिक तर्फ</td><td>७४३८६०</td><td>४००००</td><td>०</td><td>७८३८६०</td><td>संघीय सशर्त अनुदान ५०% र बाँकी गा.पा.</td><td>४</td></tr>
<tr><td>५</td><td>पञ्जिकरण कार्यक्रम</td><td>३८२२६५</td><td>२००००</td><td>०</td><td>४०२२६५</td><td>संघीय सशर्त अनुदान ५०% र बाँकी गा.पा.</td><td>२</td></tr>
<tr><td>६</td><td>रोजगार सेवा केन्द्र</td><td>८८६४७०</td><td>२००००</td><td>१६३५६०</td><td>१०७००३०</td><td>संघीय सशर्त</td><td>२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>सूचना प्रविधि अधिकृत</td><td>३७८०००</td><td>१००००</td><td>०</td><td>३८८०००</td><td>L.G.C.D.P बाट ७५ % बाकी गा.पा.</td><td>१</td></tr>
<tr><td>८</td><td>लघु उद्वम सहजकर्ता</td><td>७४३८६०</td><td>२००००</td><td>०</td><td>७६३८६०</td><td>संघीय सशर्त</td><td>२</td></tr>
<tr><td>९</td><td>बहुक्षेत्रीय पोषणतर्फ</td><td>३२५०००</td><td>१००००</td><td>०</td><td>३३५०००</td><td>संघीय सशर्त</td><td>१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६०१४८९५</td><td>६२००००</td><td>१६३५६०</td><td>१६७९८४५५</td><td></td><td>६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वित्तीय विवरण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. २६५३११६९। ले फरक देखिएको छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पदाधिकारीले नपाउने सुविधा लिएको<br><br>सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले क्रमश अनुसूची १क १ख १ग मा उललेख भए बमोजिमको सुविधा पाउने छन् भन्ने व्यवस्था बमोजिम मासिक सुविधामा सूचना तथा सञ्चार खर्च अध्यक्ष रु ६०००। उपाध्यक्ष रु ५०००। वडाध्यक्ष रु ३५०० कार्यपालिका सदस्य रु ३०००। गाउँपालिका सदस्य रु २०००। उपलव्ध गराएको अवस्थामा पालिकाले तपशील बमोजिमका पदाधिकारीहरुलाई सुविधा सम्बन्धी कानूनले तोकेभन्दा बढी रु ४७०००। भुक्तानी रकम असूल हुनुपर्ने गरी गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>भौ.न. र मिति</th><th>भुक्तानी भएको विवरण</th><th>पदाधिकारी</th><th>रकम</th></tr>
<tr><td>७६।२०७८।८।२१</td><td>सूचना तथा सञ्चार खर्च</td><td>अध्यक्ष राजेन्द्रबहादुर खड्का</td><td>६०००</td></tr>
<tr><td>७६।२०७८।८।२१</td><td>सूचनातथा सञ्चार खर्च</td><td>उपाध्यक्ष लोकबहादुर साउन</td><td>२०००</td></tr>
<tr><td>७६।२०७८।८।२१</td><td>सूचना तथा सञ्चार खर्च</td><td>६ नं वडा अध्यक्ष कृष्णबहादुर कडायत</td><td>२०००</td></tr>
<tr><td>७६।२०७८।८।२१</td><td>सूचना तथा सञ्चार खर्च</td><td>४ नं वडा अध्यक्ष कर्णबहादुर ठकुल्ला</td><td>२०००</td></tr>
<tr><td>१७३।२०७८।१०।२५</td><td>सूचना तथा सञ्चार खर्च</td><td>अध्यक्ष राजेन्द्रबहादुर खड्का</td><td>१२०००</td></tr>
<tr><td>१७३।२०७८।१०।२५</td><td>सूचना तथा सञ्चार खर्च</td><td>उपाध्यक्ष लोकबहादुर साउन</td><td>१०५००</td></tr>
<tr><td>१७३।२०७८।१०।२५</td><td>सूचना तथा सञ्चार खर्च</td><td>३ नं वडा अध्यक्ष कुलबहादुर सेटी</td><td>१०००</td></tr>
</table></td><td>४७,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १७३।२०७८।१०।२५ | सूचना तथा सञ्चार खर्च | ५ नं वडा अध्यक्ष लाल कामी | १००० |
| १७३।२०७८।१०।२५ | सूचना तथा सञ्चार खर्च | ६ नं वडा अध्यक्ष कृष्णबहादुर कडायत | १००० |
| ११७।२०७८।९।२४ | यातायात खर्च | १९ जना गापा सदस्यहरु | ९५०० |
| | | जम्मा | ४७००० |

२७

**नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका ७ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.११५२७५०। अनुदान उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| भौ.नं. र मिति | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| ५४।२०७८।८।१२ | बरदादेवी पोल्ट्री एण्ड मासु पसल चल्ला।दाना खरिद | ६०७५० |
| ६१।२०७८।८।१७ | विन्देवासिनी पोल्ट्री फर्म तथा मासु पसल अनुदान | १००००० |
| ६१।२०७८।८।१७ | निशा फलफूल तथा माछा फर्म अनुदान | १००००० |
| ११५।२०७८।९।१८ | नवदुर्गा सूर्य सौगात बाख्रा तथा कुखुरा फर्म | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३९।२०७८।९।२८</td><td>नवदुर्गा ब्रोइलर फ्रेस मासु संचालन अनुदान</td><td>१९२०००</td></tr>
<tr><td>१६५।२०७८।१०।२३</td><td>बर्दादेवी कृषि सहकारी अनुदान</td><td>३५००००</td></tr>
<tr><td>१६५।२०७८।१०।२४</td><td>दर्ना कृषि सहकारी अनुदान</td><td>२५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११५२७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>राजश्व दाखिला<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ५८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम रु २९३६४८६। उठाएकोमा ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष अवकाश कोषमा रु २५०००००। जम्मा गरेको देखियो । | |
| ३० | | | **सशर्त अनुदान फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सूत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई रु १९५५७९१२। बाँकी रहेकोमा २०७९ आषाढ मसान्त भित्र दाखिला गरेको र चालुको बांकी रु ९३३८८९।३० मिति २०७९।४।१३ मा बेरुजु खाता १५११२ दाखिला गरेको पाइयो । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | १८२५२२००० | १६२८१८४५९ | १९७०३५४१ |
| प्रदेश सरकार | विशेष | २५००००० | १७११७३९ | ७८८२६१ |
| | जम्मा | १८५०२२००० | १६४५३०१९८ | २०४९१८०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **बजेट सीमा निर्धारण समिति गठन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ३२ | | | **लागत सहभागिता**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३३ | | | **सवारी साधन खरिद**<br><br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले मोटरसाइकल ३ थान खरिद गरी रु ९७४८००/- खर्च लाई नियमित मान्न नसकिएको रु. | ९७४,८०० |
| ३४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२७ जनालाई रोजगारी उपलव्ध गराई रु.८७७७१०५। खर्च गरेको छ । लक्षित वर्गलाई ९४ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन । | |
| ३५ | | | **कानूनी सल्लाहकार**<br><br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । कार्यालयले गाउँपालिकाको कानुनी सल्लाहकारको तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरी मासिक रु २३५००/-का दरले रु. २८२०००/- भुक्तानी गरेकोले व्ययभार बढ्न गएको रु | २८२,००० |
| ३६ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमाली २०७७ को नियम ५० मा पेश्की दिने र फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । भौ नं १/२०७८/१०/९ बाट १५ शैय्याको स्वास्थ्य चौकी निर्माण गर्न Swar-Associate-Ranjeetkar संग मूल्य अभिवृद्धि कर वाहेक रु- १५,३१,६२,७०२।७८ को ठेक्का रकम स्वीकृत गरी २० महिनामा कार्य सम्पन्न गर्ने गरी २०७८।३।२२ मा सम्झौता गरी कार्यादेश दिएकोमा यो बर्ष रु ५९८४००००/- बजेट व्यवस्था भएकोमा रु ४०५२२२२०/- निकासा र खर्च भएको छ । अस्पताल भवन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्यका निर्माण व्यवसायी श्री स्वाँर एसोसियट रन्जितकार जे.भी.को नाममा रु २६७१९०००/- म्याद भित्रको पेश्की फस्र्यौट हुन बांकी पेश्की देखिएको छ । | |
| ३७ | | | **डिपिआर खर्च**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।<br><br>कार्य विवरण — स्वीकृत रकम — खर्च रकम<br>वडा न १ को कार्यालय भवन कोल्ड स्टोरेज भवन — 1498000 — 1498000<br>जयगढ खानेपानी डिप वोरीङ्ग — 1484000 — 1484000<br>गाउंपालिका प्रशासकीय भवन निर्माण — 1484950 — 1484950<br>बान्नीगढ नौलागढी पर्यटकीय क्षेत्र निर्माण — 925150 — 925150<br>जम्मा: — 5392100 — 5392100<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| ३८ | | | **वित्तीय समानीकरण अनुदान** | ५,७००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अन्तर सरकारी वित व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तह समानीकरण अनुदान उप शीर्षकबाट गाउंपालिकाको स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता र प्रशासनिक खर्च र कार्यक्रम अनुसारको विकास निर्माण गर्न सकिने व्यवस्था रहेको र वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब ,कृषि र पशु कार्यक्रम तथा अन्य अनुदान दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष पालिका भित्र देहाय अनुसार अनुदान विरण गरेको देखियो । समानीकरण अनुदान उप शीर्षकबाट अनुदान उपलब्ध गराएको देखिएकोले नियम संगत नदेखिएको रु
<table>
<tr><td>विद्यालयको नाम र ठेगाना</td><td>अनुदान रकम</td></tr>
<tr><td>नन्दमाता आधारभूत विद्यालय वडा नं ६ दर्ना</td><td>२०००००</td></tr>
<tr><td>राष्ट्रभाषा माध्यामिक विद्यालय वडा १ गाजरा</td><td>४०००००</td></tr>
<tr><td>सान्नीकोट आधारभूत विद्यालय वडा नं ५ कालिका</td><td>२०००००</td></tr>
<tr><td>जनज्योती आधारभूत विद्यालय वडा नं ३ वर्दादेवी</td><td>६०००००</td></tr>
<tr><td>सरस्वती माध्यामिक विद्यालय वडा ३ वर्दादेवी</td><td>१००००००</td></tr>
<tr><td>आदर्श आधारभूत विद्यालय वडा नं ४ तिमल्सैना</td><td>१०००००</td></tr>
<tr><td>ऐश्वर्य माध्यामिक विद्यालय वडा ६ दर्ना</td><td>६०००००</td></tr>
<tr><td>अध्यक्ष स्वरोजगार कार्यक्रम ४२ जना युवा बाख्रापालन अनुदान</td><td>२१०००००</td></tr>
<tr><td>समैजी आरन भांडावर्तन निर्माण तथा विक्री वितरण वडा नं ३ वर्दादेवी</td><td>३०००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विकास फलफूल नर्सरी फार्म वडा नं ६ दर्ना — २००००० <br> जम्मा — ५७००००० | |
| ३९ | | | **सेनिटरी प्याड** <br><br> कार्यालयले Lomash Surgical House नेपालगंज (६१३९६९२४०) सँग १३६१४ थान सेनिटरी प्याड रु १३३००३६ /- मा खरिद गरी विभिन्न ८ वटा विद्यालयलाई वितरण गरेको देखियो । प्रयोगको सुनिश्चितता गर्न अनुगमन प्रभावकारी बनाउनुपर्ने देखियो । | |
| ४० | | | **आन्तरिक आय** <br><br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक ऐन बमोजिम एकीकृत सम्पत्ति कर, व्यवसाय कर तथा घर वहाल कर लागू गरी सो वापत आय प्राप्त गरेको छैन । आर्थिक ऐनले व्यवस्था गरेको कर तथा अन्य आय श्रोतको पहिचान गरी आय वृद्धि गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्दछ ।गाउँपालिकाले आर्थिक वर्ष २०78।79 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । रु हजारमा <br><br> केन्द्रीय अनुदानबाट खर्च — आन्तरिक आय — आन्तरिक आय प्रतिशत <br> ३८७२१६६९४ — ३९१४४४०१ — १०.००% <br><br> उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४१ | | | अनुगमन तथा सम्परीक्षण | |

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु ५४ लाख १४ हजार सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

रु हजारमा

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
| --- | --- | --- |
| ३१३३१ | ५४१४ | २५९१७ |

| आ.व | दफा नं | फस्यौंटको व्यहोरा | **फर्स्यौटको** आधार (रु हजारमा) | | | | सम्परीक्षण रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २०७७/७८ | ३२.२ | आवस्यक प्रमाण पेस गरेको | ० | ८२१ | ० | ० | ८२१ |
| | ४४ | रकम असुली र दाखिला आएको | १४ | ० | ० | ० | १४ |
| | ५३ | रकम असुली र दाखिला आएको | ११ | ० | ० | ० | ११ |
| | ५६ | कार्य सम्पन्न पेस | ० | १८०० | ० | ० | १८०० |
| | ५८ | रकम असुली र दाखिला आएको | ३७ | ० | ० | ० | ३७ |
| | ६०. | आवस्यक प्रमाण पेस | ० | ५ | ० | ० | ५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५ | गरेको | | | | | |
| | ६०. ११ | रकम असुली र दाखिला आएको | ४ | ० | ० | ० | ४ |
| | ६०. ११ | रकम असुली र दाखिला आएको | ४ | ० | ० | ० | ४ |
| | ६०. १३ | रकम असुली र दाखिला आएको | १ | ० | ० | ० | १ |
| | ६०. २३ | रकम असुली र दाखिला आएको | २ | ० | ० | ० | २ |
| २०७६/७७ | २६ | रकम असुली र दाखिला आएको | ५ | ० | ० | ० | ५ |
| | ३७ | रकम असुली र दाखिला आएको | ७ | ० | ० | ० | ७ |
| | ३९ | रकम असुली र दाखिला आएको | ३८ | ० | ० | ० | ३८ |
| | ४३ | रकम असुली र दाखिला आएको | १० | ० | ० | ० | १० |
| | ५० | रकम असुली र दाखिला आएको | ५० | ० | ० | ० | ५० |
| २०७५/७६ | २८ | रकम असुली र दाखिला आएको | १८ | ० | ० | ० | १८ |
| | २९ | रकम असुली र दाखिला आएको | ६ | ० | ० | ० | ६ |
| | ३२ | कार्य सम्पन्न पेस | ० | १३३० | ० | ० | १३३० |
| | ४२. | रकम असुली र | ४ | ० | ० | ० | ४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २ | दाखिला आएको | | | | | |
| २०७४/७५ | ५५.१ | रकम असुली र दाखिला आएको | ९ | ० | ० | ० | ९ |
| | ३३ | रकम असुली र दाखिला आएको | १०३७ | ० | ० | ० | १०३७ |
| | ३४.९ | रकम असुली र दाखिला आएको | २०१ | ० | ० | ० | २०१ |
| | | **जम्मा** | १४५८ | ३९५६ | ० | ० | ५४१४ |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय माननीय मन्त्रीस्तरबाट २०७८ चैत्र महिनामा भएका निर्णयानुसार स्वीकृत भएको बउशीनं ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका दुइकोठे चार कोठे भवन निर्माण तथा पढ्दै कार्यक्रमका लागि तपशील बमोजिमका विद्यालयहरुलाई रकम निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म विद्यालय निर्माण शैक्षिक सुधार कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएको रु | 1800000.00 |

| भौ.नं./मिति | विद्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३१/२०७९।३।२३ | वाल कल्याण आ वि दर्ना | २ कोठे भवन निर्माण | १८०००० |